# आर्थिक वर्ष २०७७/०७८ को

# नीति तथा कार्यक्रम

## बलान बिहुल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मल्हनियाँ , सप्तरी

प्रदेश नं. २, नेपाल

**सभाका आदरणीय उपाध्यक्षज्यू, सम्मानित गाउँसभाका सदस्यज्यूहरु तथा उपस्थित अतिथि महानुभावहरु,**

बलान बिहुल गाउँपालिका र स्वयम् आफ्नो तर्फबाट यहाँहरु सबैलाइ हार्दिक स्वागत तथा न्यानो अभिवादन टक्र्याउन चाहन्छु । यस गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष ०७७०७८ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा अमनचैन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

हामी निर्वाचित भएर यस गाउँपालिकाको विकास र समृद्धिमा लागेको तीनं कार्यकाल वित्न लागेको छ । यो एक आर्थिक वर्षको भोगाईको क्रममा विकास र समृद्धिको लागि हामीसँग प्रशस्त अवसरहरु भएपनि विविध समस्या तथा चुनौतिहरुपनि त्यतिकै रहेको हामीले अनुभव गरेका छौं । हामीसँग उपलब्ध सीमित साधन र श्रोतका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्नेतर्फ हाम्रो सम्पूर्ण बलान बिहुल परिवार चिन्तित थियो, छ र हुने नै छ । गणतन्त्र, संघीयतासँगै बढेका जनताका आकांक्षा, चाहना र भावनालाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७७०७८ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् समग्र बलान विहुल गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा म आफू र यस सभालाई गौरवान्वीत ठानेको छु । यस महत्वपूर्ण अवसरमा यस गाउँपालिकाको संमृद्धि र विकासको मार्गमा लागिरहने अठोटका साथ बजेट नीति तर्जुमा गर्ने कार्यमा सहयोग पुर्याउनु हुने उपाध्यक्षज्यू, वडाध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, कर्मचारी साथीहरु लगायत सम्पूर्ण साथीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**उपाध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु, महानुभावहरु,**

अब म आर्थिक वर्ष २०७७/०७८ का लागि बलान बिहुल गाउँपालिकाको **'समृद्धिको मार्गचित्र'** समेटी तयार गरिएको वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. आर्थिक विकास

### १.१ कृषि तथा पशु विकास

- कृषिको उत्पादन र उत्पादकत्व वृद्धिको लागि कृषिलाई आधुनिकीकरण यान्त्रिकीकरण गरिनेछ । कृषक समूह तथा कृषि सहकारीलाई आधुनिक कृषि औजारहरु सहुलियतपूर्ण साझेदारी कार्यक्रम मार्फत सहयोग गरिनेछ । गाउँपालिकामा साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिनेछ ।
- बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिनेछ । ट्रेबिज निर्माणको साथै पशुमा लाग्ने रोगको पहिचान र उपचारका लागि रोग निदान, खोप तथा डिस्पेन्सरी कार्यक्रम संचालन गरिनेछ । पशुखोप कार्यक्रम, पशुगोठ व्यवस्थापन, पशु आहारा जस्ता कार्यक्रमलाइ निरन्तरता दिइनेछ । दुग्ध व्यवसायलाई प्रवर्द्धन गर्न पशुपालक कृषकलाई प्रोत्साहित गरिनेछ ।
- **'कृषिप्रधान देश नाम र मामका लागि मात्र होइन, काम र दामका लागि'** भन्ने नाराका साथ व्यापक एवं सघन कृषि कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ । यस गाउँपालिकाभित्र उत्पादित कृषिजन्य वस्तुहरुको भण्डारणका लागि शीत भण्डारणको निर्माणमा प्राथमिकता दिइनेछ ।
- वर्षमा प्रत्येक वडाका १/१ जना उत्कृष्ट कृषक छनौट गरी पुरस्कार प्रदान गरेर कृषकहरुलाई उत्प्रेरित गर्ने नीति क्रमशः कार्यान्वयन गरिंदै जानेछ ।

## १.२ उद्योग-वाणिज्य तथा रोजगार क्षेत्र

- स्वरोजगार र आयआर्जनको अवसर सिर्जना गर्न स्थानीय श्रोत साधनमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने र सम्बन्धीत निकाय संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- रोजगारी प्रवर्द्धनका लागि युवायुवतीहरुलाई इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिक्स, सिकर्मी, डकर्मी, उद्घोषण जस्ता सीपमूलक तालिमका अलावा टोल/बस्ती स्तरबाट माग भई आएका र गाउँपालिकाले यसपछाडि पहिचान गर्न सक्ने तालिमहरु समेतको व्यवस्था क्रमशः गरिनेछ ।
- ग्रामीण स्तरका विपन्न वर्गका महिलाहरुलाई सिलाइ-कटाइ कार्यक्रम; क्रिस्टंलको गहना बनाउने तालिम, अगरबत्ती तथा चुरी बनाउने तालिम, मुढा नाङ्लो जस्ता वस्तुहरु बनाउने जस्ता सीपमूलक कार्यक्रमहरू तालिम दिइनेछ ।

## १.३ पर्यटन क्षेत्र

- गाउँपालिका क्षेत्र भित्रका लक्ष्मी नारायण मन्दिर, मौवाहा; लक्ष्मी नारायण मन्दिर, रामनगर; सन्त कविर मठ खाकी बाबा स्थल, रामनगर; ठाकुर बाबा पोखरी, रौतहटलाइ धार्मिक तथा सांस्कृतिक पर्यटकीय रुपमा विकास गरिनेछ । मन्दिर, मस्जीद जस्ता धार्मिक स्थलहरुको संरक्षण एवं सम्वर्द्धन तथा स्थानीय जातजातिको भेषभूषा र संस्कृतिको संरक्षण गर्न आवश्यक नीतिहरु बनाइनेछ । हरित र वातावरणमैत्री पर्यटनलाई प्रवर्द्धन गरिनेछ ।

## १.४ सहकारी क्षेत्र

- सहकारी क्षेत्रलाई यस ठाँउको आर्थिक विकासको महत्वपूर्ण खम्बाको रुपमा विकास गर्न सहकारी संस्थाहरुको स्थापनालाई जोड दिइनेछ । कृषि, उद्योग र व्यवसायको सहकारीकरणको माध्यमबाट आत्मनिर्भर र दिगो रुपमा स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।
- सरकारी तथा सहकारी साझेदारीमा संचालित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ । गाउँपालिका भरिका सहकारी गतिविधि र कामहरूको अनुगमन गरिनेछ ।
- सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन गाउँपालिकाको सम्बन्धित निकाय तथा सहकारी संघ-संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गरिनेछ । सदस्यहरुको चेतना अभिवृद्धि गर्न र व्यवस्थापन क्षमता बढाउन सहकारी अनुशिक्षण र तालिमलाई अनिवार्य गरिंदै लगिनेछ ।

# २. सामाजिक विकास क्षेत्र

## २.१ शिक्षा, युवा तथा खेलकुद विकास क्षेत्र

- **"गुणस्तरीय शिक्षा, बलान बिहुलको आवश्यकता"** भन्ने नाराका साथ बलान बिहुल गाउँपालिकाको शिक्षा क्षेत्रको विकासलाई प्रमुख प्राथमिकता दिइनेछ । आवश्यक नीति, निर्देशिका तथा नियम बनाई संस्थागत विद्यालयहरुलाई व्यवस्थित गरिनेछ । अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउदै गुणस्तरीय शिक्षालाई सुनिश्चित गरिनेछ ।
  - प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन सम्पन्न गरिनेछ । साथै व्यवस्थापनका पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ । गाउँपालिकाभित्र शिक्षाको गुणस्तरलाई अभिवृद्धि गर्दै शिक्षण सिकाइको प्रभावकारितामा वृद्धि गरिनेछ ।

- विद्यार्थीहरुको सर्वाङ्गीण पक्षको विकासका लागि गाउँपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको सहभागिता हाजिरी जवाफ, वक्तृत्वकला, नृत्य तथा गायन प्रतियोगिता, खेलकुद लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गराउने कार्यक्रम संचालन गरिनेछ।
- **युवाका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकुद'** भन्ने मूल नाराका साथ प्रत्येक वडामा खेलकुद सम्बन्धी पूर्वाधारको विकास गर्दै लगिनेछ र खेलकुदजन्य क्रियाकलाप सञ्चालन गरिनेछ।

## २.२ स्वास्थ्य क्षेत्र

- अति विपन्न, पिछडिएका समुदाय र जोखिममा परेका जस्ता उपचार खर्च जुटाउनै नसक्नेका वर्गका लागि आर्थिक सहयोग गर्न **स्वास्थ्य उपचार कोष** स्थापना गरिनेछ।
- गाउँपालिकाभित्र सामान्य स्वास्थ्य परिक्षण गर्न मल्हनियाँ स्वास्थ्य चौकीमा ल्याब संचालनमा ल्याइने छ। साथै गाउँपालिकामा कम्तीमा पनि एउटा एम्बुलेन्सको व्यवस्था गरिनेछ।
- यस गाउँपालिकामा कुपोषण न्यूनिकरण गर्दै लैजान नेपाल सरकारद्वारा स्वीकृत बहुक्षेत्रीय पोषण योजना तथा पोषण प्याकेजका कार्यक्रम संचालन गर्न सरोकारवालाहरु संघ-संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्रका नागरिकहरुको आकस्मिक स्वास्थ्य समस्यासँग जुध्नको लागि आवश्यक प्रबन्ध मिलाइनेछ। आधारभूत आवश्यकताको रुपमा रहेको स्वास्थ्य सेवालाई अझ विश्वासिलो र भरपर्दो बनाउन गाउँ क्षेत्रमा रहेका स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार सुधार गरि साधन सम्पन्न बनाउदै लगिनेछ।

## २.३ खानेपानी तथा सरसफाई क्षेत्र

- स्वच्छ तथा सफा खानेपानीमा सबैको पहुँच स्थापित गर्न खानेपानी सम्बन्धी आयोजनाहरु संचालन गरिनेछ। खानेपानी सुरक्षा योजना खानेपानी मर्मत आयोजना तथा स्यालो ट्यूबेल निर्माण कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानी शुद्धीकरण गरेर मात्र पिउने, सरसफाइमा ध्यान दिने संस्कारको विकास गर्न **'सफा र स्वच्छ खानपान, बलान बिहुलको शान'** को नारा अगाडि सारी त्यसलाई मूर्तरुप दिनका लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ।

## २.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी

- **जसको सवाल उसैको संलग्नता र नेतृत्वभन्ने** नाराका साथ बाल क्लब, महिला समूह, एकल महिला संजाल, जेष्ठ नागरिक क्लब, दलित समूह, अपांगता भएका व्यक्तिहरुका संस्थाको सशक्तिकरण र सवलिकरणमा जोड दिइनेछ। जुन वर्गसँग लक्षित कार्यक्रम हो सोही वर्गमार्फत नै कार्यक्रम संचालनमा जोड दिइनेछ।
- बालमैत्री स्थानीय शासन अवधारणालाई गाउँका सम्पूर्ण वडाहरुमा क्रमश: लागू गर्दै लगिनेछ। प्रत्येक वडामा बाल क्लवहरु गठन गरिनेछ। बालबालिकाको शारीरिक, मानसिक एवं व्यक्तित्व विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँका सबै वडाहरुमा बाल विवाह मुक्त गाउँको अवधारणालाई लागू गर्दै लगिनेछ।
- परम्परागत सीप दक्षता र विशेषतामा आधारित आयमूलक सीपमूलक कार्यक्रमहरु संचालन गर्दै तिनको आर्थिक सामाजिक स्तरमा वृद्धि गरिनेछ। सामाजिक समावेशीकरणको अवधारणा अनुसार सचेतीकरण, सीप क्षमता विकासको अवसर प्रदान गरी विकासको मूलप्रवाहमा ल्याउने कार्यक्रमहरु संचालन गरिनेछ।

## ३. पूर्वाधार विकास क्षेत्र

### ३.१ सडक तथा भवन निर्माण क्षेत्र

- सडक तथा सार्वजानिक बाटो, डगर अतिक्रमण गरि बनाइएका संरचनालाई हटाउदै लगिनेछ ।-गाउँपालिकाको केन्द्र र वडा जोड्ने सडकको चौडाई कम्तिमा६ मिटरको बनाउने र वडा स्तरीय सडकहरु न्यूनतम ४ मिटरको बनाइने नीति कडाइका साथ लागू गरिदै लगिनेछ । यसका लागि सिफारिस गरेका योजनाहरुले मापदण्ड पुरा गरेमा मात्र छनौट गरि विकास सम्झौता गरिने नीति लिइनेछ ।
- **उत्कृष्ट सेवा प्रवाहको आधार :राम्रो पूर्वाधार** भएकोले गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय जस्ता अत्यावश्यकीय भवन संरचनाहरुको निर्माणमा उच्च प्राथमिकता दिइनेछ । साथै स्वास्थ्य चौकी, वर्थिङ सेन्टर, विद्यालय भवन निर्माण, सामुदायिक भवन जस्ता भौतिक संरचनालाइ पनि उच्च प्राथमिकता दिने नीति लिइएको छ ।
- निर्माण भइसकेका पूर्वाधार मर्मत संभार गर्नुपर्ने अवस्थामा गाउँपालिकाले खडा गरेको मर्मत संभार कोषबाट प्राथमिकताका आधारमा मर्मत गर्ने नीति लिइनेछ । लक्षित वर्गको आयोजना बाहेक अन्य आयोजनाबाट कन्टेन्जेन्सी वापत ३% कट्टा रकम मर्मत संभार कोषमा राख्ने नीति लिइनेछ ।
- पूर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाका पुराना, रुग्ण र जीर्ण पोखरीको मर्मत सम्भार तथा संरक्षण गरिनेछ ।.ऐलानी-पर्ति जग्गा, सार्वजनिक बाटो तथा डगर, सार्वजनिक गौचरण, नदि कटानबाट उकास भएको जग्गा, सार्वजनिक पोखरीका डिलहरुको सिमांकन गरि रेकर्ड राख्ने तथा संरक्षण गर्ने कार्यमा तीब्रता दिइनेछ ।

### ३.२ सिंचाइ तथा उर्जा

- गाउँपालिकाका सबै क्षेत्रमा आवश्यक सिंचाइको प्रबन्ध गरी जमिन बाँझो रहने व्यवस्थाको अन्त्य गरिनेछ । नहर तथा पैनीको पहुँच नपुगेको कृषियोग्य जमिनका लागि डिप बोरिङ सिंचाइ कार्यक्रम तथा साना सिंचाइ कार्यक्रम जस्ता भूमिगत सिँचाई आयोजनाहरु संचालन गरिनेछ ।
- **हाम्रो गाउँपालिका उज्यालो गाउँपालिका** बनाउन गाउँपालिका भर विद्युतीकरण कार्यमा जोड दिइनेछ । बस्तीभित्रका सडकका पोलहरुमा बत्ति जडान तथा सोलार सडक बत्ति जडान कार्यलाई प्राथमिकता दिइनेछ ।
- स्थानीय स्तरमा उपलब्ध हुन सक्ने वैकल्पिक उर्जाका श्रोतहरुको पहिचान गरी बायो ब्रिकेट, होम सोलार सिस्टम, सुधारिएको चुल्हो, सामुदायिक बायोग्यास प्लान्ट जस्ता कार्यक्रमहरु संचालन गर्दै प्राकृतिक श्रोत र साधनको समुचित प्रयोग र व्यवस्थापनमा जोड दिँदै लगिनेछ ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

- बाढी-पहिरो, आगलागी, भू-कम्प, हुरीबतास, असिना, चट्याङ् जस्ता प्रकोप एवं तिनीहरुबाट हुने क्षति न्यूनीकरण गरिनेछ र गाउँपालिकाको **'विपद् व्यवस्थापन कोष'** बाट विपदमा परेका घर परिवारलाई राहत उपलब्ध एवं क्षतिग्रस्त बाटो, पैनी आदि तत्काल मर्मत गरिनेछ । **विपद् व्यवस्थापन कोष संचालन कार्यविधिका** आधारमा विपदको पूर्व तयारी, रोकथाम, उद्धार, राहत वितरण तथा पुनर्स्थापना कार्यहरु संचालन गरिनेछ ।

- बलान तथा बिहुल नदि कटान नियन्त्रणका लागि जोखिमयुक्त क्षेत्रमा स्पर, बाँध तथा तटबन्ध निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। साथै नदि किनारामा बासँ लगायतका बिरुवा रोपण गर्ने कार्यलाई अघि बढाइनेछ। वृक्षारोपण लगायतका क्रियाकलापहरुको संख्या तथा बारम्बारता वृद्धि गरिनेछ।

## ५. संस्थागत विकास,वित्तीय व्यवस्थापना तथा सुशासन

### ५.१संस्थागत विकास

- व्यक्तिगत घटना दर्ताको लागि घटना भएको ३५ दिन भित्रमा अनिवार्य रुपमा व्यक्तिगत घटना दर्ता गर्न प्रोत्साहन गर्न आवश्यक नीति तयार गरि लागू गरिनेछ र गाउँपालिकालाई व्यक्तिगत घटनादर्ता युक्त गाउँपालिका बनाइनेछ।
- उपलब्ध जनशक्तिको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीहरुलाई कार्य सम्पादन मूल्यांकनको आधारमा पुरस्कृत गर्ने प्रणाली लागू गरिनेछ। मौजुदा जनशक्तिलाई दक्ष तथा सक्षम बनाउन तालिम दिने नीतिलाई प्राथमिकता दिइनेछ।
- रचनात्मक, सकारात्मक तथा दीर्घकालीन सोचका साथ उन्नति, प्रगति एवं समृद्धिको मार्गचित्र तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न तथा गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक यथार्थता चित्रण र वास्तविकतालाई औल्याउन गाउँपालिकाको डिजिटल/विद्युतीय/सफ्टवेयरयुक्त पार्श्व चित्र (village Profile) निर्माण गरिनेछ।
- गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट हुने प्रवाह हुने सेवाको गुणस्तर अभिवृद्धि गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनको लागि सबै कार्यालयमा कम्प्युटर, प्रिन्टर र इन्टरनेट जस्ता अत्यावश्यक वस्तुहरूको व्यवस्था गरिनेछ। हस्तलिखित कागजातलाई पूर्णतया हटाएर क्रमशः कम्प्युटरमा आधारित कार्यप्रणाली तथा डाटाबेसको निर्माण गर्दै बलान बिहुल गाउँपालिकालाई **सप्तरी जिल्लाकै पहिलो विद्युतीय शासनयुक्त गाउँपालिका** बनाउनको लागि आवश्यक गुरुयोजना तयार गरी लागू गरिनेछ।

### ५.२ वित्तीय व्यवस्थापन तथा सुशासन

- मालपोत लगायतको कर शुल्क तोकिएको समयमा नतिर्ने सेवाग्राहीहरुलाई कर तिर्न प्रोत्साहन गरिनेछ। आर्थिक ऐनको अनुसूची १ र २ बमोजिमका करहरुमा चालु आ.व. भित्रै भुक्तान गरेको खण्डमा कुल कर लाग्ने रकमको १०% छुट दिइनेछ।
- गाउँपालिकाका गतिविधिहरु तथा गाउँपालिकाले सम्पादन गरेका कार्यहरु रेडियो, पत्रपत्रिका, वेभसाईट तथा मोबाइल एपमार्फत सम्पूर्ण नागरिकहरुमा सार्वजनिक गरिनेछ।
- सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरी नागरिकका प्रत्येक सुख, दुःखमा सक्दो सहयोग गर्ने गरी गाउँपालिका संवेदनशील हुनेछ र जनतालाई वास्तविक रुपमै सरकारको उपस्थितिको आभास दिलाउने नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।
- जननिर्वाचित पदाधिकारी र कर्मचारीतन्त्रबीचको सुमधुर सम्बन्धलाई आपसी हातेमालो मार्फत् अझ प्रगाढ बनाउँदै सामूहिक प्रयत्नबाट विकासका अपेक्षित प्रतिफल हासिल गर्नका लागि **'प्रशासन र राजनीति : प्रतिस्पर्धी होइन साथी'** को नीति लिइनेछ।
- म्याद गुज्रेका औषधि, खाद्यपदार्थ एवं पेय पदार्थबाट मानव स्वास्थ्यमा हुने हानिलाई रोक्न **नियमित रुपमा बजार अनुगमन**को व्यवस्था मिलाइनेछ।

## ४. कोरोना भाइरस महामारी

- कोरोना भाइरस संक्रमण (कोभिड-१९) को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रणका लागि आवश्यक कदमहरू चालिनेछ । गाउँपालिकाभित्र हुनसक्ने महामारीको आँकलन गरेर एक घर एक पि.सि.आर. कार्यक्रम लागू गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाभित्र संचालित क्वारेन्टाइनको उचित व्यवस्थापन तथा स्तरोन्नति गरिनेछ भने महामारीको अवस्थालाइ मध्यनजर गर्दै संक्रमितहरूको संख्या अत्याधिक भएमा गाउँपालिका आफैंले आन्तरिक रूपमा मल्हनियाँ स्वास्थ्य चौकीलाइ आइसोलेसन वार्डको रूपमा स्थापना गर्न तयारी हालतमा राखिनेछ ।
- कोभिड-१९ को महामारी र लकडाउनको अवस्था मध्यनजर गर्दै सबैभन्दा पीडित विपन्न वर्ग, दैनिक ज्यालादारीमा जीविकोपार्जन गर्ने मजदुर वर्गलाइ राहतका वितरणका कार्यक्रम ल्याइनेछ ।

**सभाका आदरणीय उपाध्यक्षज्यू, सम्मानित गाउँसभाका सदस्यज्यूहरु तथा उपस्थित अतिथि महानुभावहरु,**

अब म आगामी बर्षको लागि प्रस्ताव हुने आय व्ययको खाका अन्तर्गत यस गाउँपालिकाको आय बारेमा प्रकाश पार्न चाहान्छु । आगामी आर्थिक वर्षको लागि आन्तरिक आम्दानी रु ७,००,००० (सात लाख) प्राप्त हुने प्रक्षेपण गरेको छु । नेपाल सरकारबाट राजश्व बाँडफाँड वापतको रकम रु ५ करोड ७१ लाख; वित्तिय समानीकरण वापत रु ९ करोड २२ लाख; सशर्त अनुदान रु ११ करोड २७ लाख; विशेष अनुदान रू १ करोड र समपूरक अनुदान रू ४८ लाख प्राप्त हुने अनुमान गरेको छु । त्यस्तै प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड वापतको रकम रु ३३ लाख ७६ हजार; वित्तिय समानीकरण वापत रु ६९ लाख ४५ हजार; सशर्त अनुदान रु ८० लाख; विशेष अनुदान रू ३० लाख र समपूरक अनुदान रू २० लाख प्राप्त हुने अनुमान गरेको छु । त्यसैगरी यस तराइ-मधेश समृद्धि कार्यक्रम अन्तर्गत रू ३२ लाख प्राप्त हुने अपेक्षा गरेको छु । भविष्यमा यस गाउँपालिकामा बहु क्षेत्रीय पोषण कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम तथा यनिसेफ नेपाल लगायतका निकायबाट प्राप्त हुने अनुदान र सहयोग सोही अनुसारको कार्यक्रममा खर्च गर्ने व्यवस्था गरेको छु । आर्थिक वर्ष ०७७/७८ को खर्च हुन बाँकी अनुमानित रकम रु ४ करोड गरी जम्मा कुल श्रोत रु ३४ करोड ४० लाख २१ हजारको प्रक्षेपण गरेको छु ।

धन्यवाद